# वेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

## नि:शुल्क उद्यमशिलता तथा वित्तीय साक्षरता तालिम सम्बन्धी सूचना ।

### दोस्रा पटक सूचना प्रकाशन मिति २०८१।११।२१

प्रस्तुत विषयमा यस बेसीशहर नगरपालिकाको आ.व. २०८१।०८२ को स्वीकृत कार्यक्रम अनुसार बेसीशहर नगरपालिका र राष्ट्रिय युवा परिषद्को सहकार्यमा विभिन्न निकायवाट उपलब्ध हुने सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि ७ (सात) दिने उद्यमशिलता तथा वित्तीय साक्षरता तालिम संचालन हुने भएकाले तालिम लिन इच्छुक १६ वर्ष पूरा भई ४० वर्ष ननाघेका बेसीशहर नगरपालिका स्थायी बसोबास गर्ने नेपाली नागरिकहरुलाई आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित मिति २०८१ फागुन मसान्त भित्र यस नगरपालिकाको कार्यालय वा आफु स्थायी वसोवास गरेको वडा कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

१) तालिम बेसीशहर नगरपालिका नगरपालिकाले तोकेको स्थानमा सञ्चालन हुनेछ ।
२) तालिम निःशुल्क प्रदान गरिनेछ र सहभागीहरुलाई स्टेशनरी, खाजाको व्यवस्था नगरपालिकाले गर्नेछ ।
३) तालिममा सहभागी हुने युवाहरु कम्तीमा कक्षा ८ उत्तीर्ण हुनुपर्नेछ र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि निवेदन पेश गर्नुपर्नेछ ।
४) वैदेशिक रोजगारबाट फर्किएका युवाहरु, उद्यमी वा उद्यम/व्यवसाय गर्ने इच्छुक महिला (एकल तथा अपाङ्गता भएका महिलालाई विशेष प्राथमिकता दिईनेछ ) ।
५) आवेदन दिएका युवाहरुमध्ये तालिममा सहभागी हुने युवाहरुको छनौट बेसीशहर नगरपालिकाले गर्नेछ ।

**नोटः** आवेदन फारम बेसीशहर नगरपालिकाको कार्यालय वा वडा कार्यालयवाट निशुल्क प्राप्त गर्न सकिने छ ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

**थप जानकारीको लागि सम्पर्क**

बेसीशहर नगरपालिकाको कार्यालय
बेसीशहर, लमजुङ

फोन.नं.: ०६६-५२०१५० | Website : besishaharmun.gov.np | Email: besishaharmunicipality@gmail.com